कालिका गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ५ मितिः २०७७/०९/१५

**भाग-२**

**कालिका गाउँपालिका**

## कालिका गाउँपालिका जलश्रोत व्यवस्थापन कार्यविधि, २०७७

**प्रस्तावना :**

नेपालको संविधान, स्थानिय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम स्थानिय तहलाई जलश्रोत तथा जलाधार, भूसंरक्षण, मुहान संरक्षण, खानेपानी, सिंचाई, साना जलविद्युत, जल उपयोग, एवं प्राकृतिक श्रोतको उपयोग एवं व्यवस्थापन सम्वन्धमा कालिका गाउँपालिका भित्रको भू-सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलश्रोतको समुचित उपयोग संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलश्रोतको लाभदायक उपयोगहरुको निर्धारण गर्ने, त्यस्तो उपयोगबाट हुने वातावरणिय तथा अन्य हानिकारक प्रभावको रोकथाम गर्ने एवं जलश्रोतलाई प्रदुषण मुक्त राख्ने कानुन व्यवस्था गर्न वाञ्छनिय भएकोले कालिका गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७७/०९/०७ गतेको बैठकको निर्णय बमोजिम कालिका गाउँपालिकाको जलस्रोत व्यवस्थापन कार्यविधि २०७७ स्विकृत गरि जारी गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम **कालिका गाउँपालिका जलस्रोत व्यवस्थापन कार्यविधि २०७७** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसङ्ग अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "जलश्रोत" भन्नाले कालिका गाउँपालिका क्षेत्रभित्रका भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनुपर्छ ।

(ख) "लाभदायी उपयोग" भन्नाले साधान श्रोतले भ्याएसम्म उचित रुपले गरिएको जलश्रोतको उपयोग सम्झनुपर्छ ।

(ग) "अनुमति प्राप्त व्यक्ति" भन्नाले जलश्रोतको उपयोग गर्ने कार्यविधि कमोजिमको अनुमिति प्राप्त व्याक्ति वा संगठित संस्था सम्झनुपर्छ ।

(घ) "उपभोक्ता संस्था" भन्नाले कार्यविधि बमोजिम गठित जल उपभोक्ता संस्था सम्झनुपर्छ

(ङ) "गाउँ जलश्रोत समिति" भन्नाले दफा ३० बमोजिमको गाउँ जलश्रोत समितिलाई सम्झनुपर्छ ।

(च) "अनुमतीपत्र" भन्नाले यस कार्यविधि बमोजिम दिईने अनुमति पत्र सम्झनुपर्छ ।

(छ) "सर्वेक्षण" भन्नाले जलश्रोतको उपयोगका लागि गरिने संभाव्यता अध्ययन विस्तृत ईन्जिनियरिङ डिजाइनको कार्य र त्यसका लागि गरिने अन्वेषण्को कार्य समेत सम्झनुपर्छ ।

(ज) "उपभोक्ता" भन्नाले जलश्रोतसँग सम्वन्धित सेवा उपयोग गर्ने व्यक्ति वा संस्थालाई सम्झनुपर्छ ।

(झ) "सेवा शुल्क" भन्नाले नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिका वा अनुमति पत्र प्रापक व्यक्तिले उपलव्ध गराएको जलश्रोतसँग सम्वन्धित सेवा उपयोग गरेवापत उपभोक्तले बुझाउनुपर्ने शुल्क सम्झनुपर्छ ।

(ञ) "गाउँपालिका " भन्नाले कालिका गाउँपालिका सम्झनुपर्छ ।

(ट)"गाउँ कार्यपालिका" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(ठ) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ड) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ढ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्छ ।

## परिच्छेद २

## जलश्रोत स्वामित्व सम्वन्धि व्यवस्था

**३. जलश्रोत स्वामित्व** :

(१) कालिका गाउँपालिका भित्र रहेका जलश्रोतको स्वामित्व नेपाल सरकार, प्रदेश सरकार तथा स्थानिय सरकारमा निहत रहनेछ ।

(२) प्रचलित संघ, प्रदेश तथा गाउँपालिकाको कानुन बमोजिम गाउँपालिकाको जलश्रोतको उपयोग तथा व्यवस्थापन गर्ने अधिकार गाउँपालिकामा रहनेछ ।

## परिच्छेद ३

## उपभोक्ता सम्वन्धि

**४. जल उपभोक्ता संस्थाको गठन :**

(१) सामुहिक लाभको लागि संस्थागत रुपमा जलश्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले जल उपभोक्ता समिति गठन गर्न सक्नेछन ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको जल उपभोक्ता संस्थालाई गाउँ जलश्रोत समिति समक्ष दर्ता गराउनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम जल उपभोक्ता संस्था दर्ता गर्न देहाय बमोजिम गर्नुपर्छ ।

(क) पदाधिकारी तथा सदस्य समेत गरी कम्तीमा सात जनाको उपभोक्ता संस्था गठन भएको,

(ख) संस्थाको विधान एक प्रति,

(ग) अनुसुची - १ बमोजिमको निवेदन,

(घ) ५०० रुपैयाँ दस्तुर,

**५. उपभोक्ता संस्थाको दर्ताको लागि दरखास्त दिनुपर्ने :** दफा ४ बमोजिम उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहने सम्वन्धित उपभोक्ताहरु मध्ये कम्तीमा सात जना उपभोक्ताहरुले अनुसूची १ बमोजिमको ढाँचामा उपभोक्ता संस्थाको एक प्रति विधान र पाँचसय रुपैया दर्ता दस्तुर सहित गाउँ जलश्रोत समिति समक्ष

दरखास्त दिनु पर्नेछ ।

६. **विधानमा खुलाउनुपर्ने विवरणहरु :** दफा ५ बमोजिम पेश गर्नुपर्ने उपभोक्ता संस्थाको विधानमा संस्था सम्वन्धि देहायका विवरणहरु खुलाउनुपर्नेछ ।

(क) पुरा नाम र ठेगाना,
(ख) उद्देश्य र कार्यक्षेत्र,
(ग) सदस्यको लागि योग्यता तथा सदस्यता शुल्क,
(घ) सदस्यको निस्काशन र राजिनामा
(ङ) हकदावी नामसारी वा हकवालाको मनोनयन,
(च) साधारण व्यवस्था सम्वन्धि व्यवस्था,
(छ) सञ्चालक समिति गठन निर्वाचन काम कर्तव्य अधिकार सम्वन्धि,
(ज) सञ्चालक पदमा वहाल रहन नसक्ने अवस्था,
(झ) संचालक समितिको बैठक सम्वन्धि कार्यविधि,
(ञ) कोष तथा लेखा परिषण,
(ट) विधान संशोधन,
(ठ) विघटन,
(ड) विविध,

७. **उपभोक्ता संस्था संगठित संस्था हुने** :

(१) उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित । संगठित संस्था हुनेछ ।

(२) उपभोक्ता संस्थाको सबै कामकारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न उपभोग वेचविखन गर्न वा अन्य किसिमको व्यवस्था गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजुर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

८. **दर्ता र प्रमाणपत्र** :

(१) दफा ५ बमोजिम पर्न आएको दरखास्त उपर गाउँ जलश्रोत समितिले आवश्यक जाँचवुझ गर्न ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरी सम्बन्धि वडा, मुहान क्षेत्र तथा सार्वजनिक क्षेत्रमा टाँस गरी राय मागी विवाद भए नभएको बुझी उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ता गरी अनुसूची-२ बमोजिमको ढाँचामा उपभोक्ता संस्थाको दर्ता प्रमाण पत्र दिनुपर्नेछ ।

(२) उपदफा १ बमोजिम कुनै उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त नदेखेमा गाउँ जलश्रोत समितिले सोको स्पष्ट कारण खोली दरखास्तवालाहरुलाई दरखास्त परेको मितिले ६० दिन भित्र सो कुराको सुचना दिनुपर्नेछ ।

(३) यो कार्यविधि प्रारम्भ हुनु अगावै प्रचलित कानुन वमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरु यसै कार्यविधि बमोजिम दर्ता भएको मानिनेछन ।

९. **विधान संशोधन :**

(१) उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्नुपर्ने भएमा विधानको प्रकृया पुरागरी तयार गरिएको विधानको संशोधित मस्यौदा गाउँ जलश्रोत समितिमा पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विधान संशोधन सम्वन्धमा गाउँ जलश्रोत समितिले आवश्यक जाँचवुझ गरी विधानलाई संशोधन गर्न स्वीकृति दिन सक्नेछ ।

परिच्छेद ४

## जलश्रोतको उपयोग सम्वन्धि व्यवस्था

१०. **जलश्रोत उपयोग** :

(१) यस कार्यविधि बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलश्रोतको उपयोग गर्न पाउनेछैन ।

(२) उपदफा(१)मा जुनसुकै कुरा लेखिएतापनि देहाय बमोजिम जलश्रोतको उपयोग गर्न अनुमति लिनुपर्नेछैन ।

(क) व्याक्तिगत वा सामुहिक रुपमा आफ्नो नियमित खानेपानी र अन्य घरेलु प्रयोगका लागि उपयोग गर्न,

(ख) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो जग्गाको सिंचाई गर्न,

(ग) घरेलु उद्योगको रुपमा पानीघट्ट चलाउन,

(घ) जग्गाधनीले आफ्नो जग्गाभित्र मात्र सिमित रहेको जलश्रोत तोकिए बमोजिम उपयोग गर्न,

(३) जलश्रोतको उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाले अरुलाई मर्कानपर्ने गरी लाभदायक उपयोग गर्नुपर्नेछ ।

**११. जलश्रोतको उपयोगको प्राथमिकताक्रम :**

(१) जलश्रोत उपयोग गर्दा साधारणतथा देहायको प्राथमिकताक्रम अनुसार गर्नुपर्नेछ ।

(क) खानेपानी र घरेलु उपयोग

(ख) सिंचाई,

(ग) पशुपालन तथा मत्यपालन जस्ता कृषिजन्य उपयोग,

(घ) जल विद्युत,

(ङ) घरेलु उद्योग औद्यौगिक व्यवसाय तथा खानी जन्य उपयोग

(च) जल यातायात,

(छ) आमोद प्रमोदजन्य उपयोग,

(ज) अन्य उपयोग ।

(२) जलश्रोत उपयोगगर्दा कुनै विवाद उत्पन्न भएमा जलश्रोत उपयोग जाँचवुझ समितिले उपदफा (१) को प्राथमिकताक्रम तथा जलश्रोतको दाभदायक उपयोग भए नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा सम्वन्धित जलश्रोतको उपयोग गर्न पाउने नपाउने वा कुनै किसिमले उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ ।

(३) उपदफा(२) बमोजिम जलश्रोत उपयोग जाँचबुझ समितिले निर्धारण गरेको कुरा सम्वन्धित सवैलाई मान्य हुनेछ ।

(४) उपदफा (२) बमोजिम जलश्रोत उपयोग जाँचवुझ समितिले सोहि उपदफा उल्लेखित कुराको निर्धारण गर्दा अपनाउनुपर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**१२. अनुमति पत्रको व्यवस्था :**

(१) जलश्रोतको सर्वेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले सम्वन्धित विषयको आर्थिक प्राविधि र वातवरणीय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमको विवरण खुलाई गाउँ जलश्रोत समिति समक्ष अनुमति पत्रको लागि दरखास्त दिनुपर्नेछ । तर जलश्रोतको सर्वेक्षणको अनुमति पत्रको लागि दरखास्त दिदा त्यस्तो अध्ययन प्रतिवेदन संकलन गर्न आवश्यक पर्नेछैन ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्तमा गाउँ जलश्रोत समितिले आवश्यक जाँचवुझ गरी गराई दरखास्त परेको मितिले जलश्रोत सर्वेक्षणको अनुमति पत्रको हकमा तीस दिन भित्र र जलश्रोत उपयोगको अनुमति पत्रको हकमा १२० दिन भित्र तोकिए वमोजिमको ढाँचामा आवश्यक शर्तहरु तोकि दफा ७ को उपदफा १ मा उल्लेखित प्राथमिकता क्रम अनुसार दरखास्तवालालाई अनुमति पत्र दिनुपर्नेछ ।

(३) दफा ४ को उपदफा (२) बमोजिम हुनेमा वाहेक यो ऐन प्रारम्भ हुनुभन्दा अगावै देखि जलश्रोतको उपयोग गरी रहेको व्यक्ति वा संगठित संस्थाले पनि तोकिए विवरण सहित यो निर्देशिका प्रारम्भ भएको मितिले एक वर्ष

भित्र गाउँ जलश्रोत समिति समक्ष अनुमति पत्रको लागि दरखास्त दिनुपर्नेछ ।

(४) उपदफा ३ वमोजिम परेको दरखास्तमा गाउँ जलश्रोत समितिले आवश्यक जाँचवुझ गरी दरखास्त परेको मितिले साठी दिन भित्र तोकिए वमोजिमको ढाँचामा अनुमति पत्र दिनुपर्नेछ ।

(५) अनुमतिपत्र व्यक्तिले जलश्रोतको उपयोग वापत नेपाल सरकार, प्रदेश सरकार गाउँपालिकालाई तोकिए बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनुपर्नेछ ।

(६) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमति पत्र विक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नुपरेमा गाउँ जलश्रोत समितिबाट तोकिए बमोजिम स्वीकृती लिनुपर्नेछ ।

**१३. जलश्रोत उपयोगको सर्वेक्षण अनुमति पत्रको लागि दरखास्त दिने :**

(१) जलश्रोत उपयोगको सर्वेक्षण अनुमति पत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची - ३ बमोजिम ढाँचामा प्रस्तावित परियोजनासँग सम्वन्धित देहायका विवरणहरु खुलाई गाउँ जलश्रोत समिति समक्ष तिनप्रति दरखास्त फारम दिनुपर्नेछ ।

(क) परियोजनाको विवरण,

(ख) परियोजना रहने स्थानको नक्शाा (मुख्य संरचना समेत देखिने),

(ग) पानीको श्रोत रउपयोग हुने पानिको परिणम,

(घ) परियोजनाबाट लाभावान्धित हुने उपभोक्ताहरुको संख्या र किसिम,

(ङ) सर्वेक्षण गरिने जलश्रोत क्षेत्र,

(च) परियोजना समपन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत (सर्वेक्षण संचालनको लागि समेत),

(छ) अन्य आवश्यक कुराहरु ।

(२) उपदफा (१) बमोजिम सर्वेक्षण अनुमति पत्रको लागि दरखास्त दिदा अनुसूची ८ मा उल्लेखित दस्तुरको पच्चिस प्रतिशतको दरले आउने रकम सर्वेक्षण अनुमतिपत्र दस्तुर वापत बुझाउनुपर्नेछ ।

**१४. दरखास्त उपर जाँचवुझ :**

(१) दफा १३ बमोजिम दरखास्त परेपछि कार्यविधि बमोजिम दरखास्त वालाले दरखास्त साथ पेश गर्नु पर्ने आवश्यक काजजात विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्वन्धमा गाउँ जलश्रोत समितिले आवश्यक जाँचवुझ गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचवुझ गर्दा दरखास्तवालाले दरखास्तसाथ पेश गर्नुपर्ने कुनै कागजात विवरण वा प्रतिवेदन पेश गरेको रहनेछ भने त्यस्तो कागजात विवरण वा माफिकको म्याद तोकि दरखास्त परेको पन्ध्र दिनभित्र सुचना दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै कागजात विवरण वा प्रतिवेदन पेश गर्न गाउँ जलश्रोत समितिले म्याद तोकि सुचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मितिलाई नै उपदफा (२) को प्रयोजनको लागि दरखास्त परेको मानिनेछ ।

**१५. सर्वेक्षण अनुमति पत्र दिने :** दफा १३ बमोजिम परेको दरखास्त उपर दफा १४ बमोजिम गाउँ जलश्रोत समितिले आवश्यक जाँचवुझ गरेपछि दरखास्तवालाको माग अनुसार वा आवश्यक भए संशोधन समेत गरी अनुसुची-४ बमोजिमको ढाँचामा दरखास्तवालाई जलश्रोत उपयोग सर्वेक्षण अनुमति पत्र दिनुपर्नेछ ।

**१६. सर्वेक्षण प्रतिवेदन पेश गर्नुपर्ने :** दफा १५ बमोजिम अुनमित पत्र प्राप्त व्यक्ति/संस्थाले सर्वेक्षणको काम सम्पन्न गरेको मितिले तीस दिन भित्र आफुले गरेको सर्वेक्षणको तीन प्रति प्रतिवेदन गाउँ जलश्रोत समिति समक्ष पेश गर्नुपर्नेछ । :

(१) जलश्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले प्रस्तावित परियोजनासँग सम्वन्धित देहायको विवरणहरु खुलाई गाउँ जलश्रोत समिति समक्ष तीन प्रति प्रतिवेदन दिनुपर्नेछ ।

(क) परियोजनाको विस्तृत विवरण परियोजना स्थलको नक्शाको उपयोग गरिने पानीको स्रोत परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय लागत परियोजनको सहभागहिरुको नाम र तिनिहरुको संलग्नताको किसिम परियोजनमा अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठित संस्था तथा त्यस्तो संस्थाको संचालकहरुको नाम, थर र वतन समेत स्पष्ट खुलाउनुपर्नेछ ।

(ख) सम्भाव्यताको विश्लेषण परियोजनाको विस्तृत नक्शा सहितको प्राविधिक विवरण तथा आर्थिक विश्लेषण र उपभोक्ताहरुको विवरण,

(ग) वित्तिय व्यवस्था (परियोजनाको अनुमानित वित्तिय व्यवस्था परियोजनाको लगानीकर्ताहरको आर्थिक हैसियत परियोजनामा प्रत्यक्ष रुपले सहभागी हुने वित्तिय संस्थाहरुको प्रतिवद्धता र लगानीकर्ताहरुले दायित्व तथा शेयर पुँजी र ऋणको प्रतिशत)

(घ) घर जग्गा उपयोग वा प्राप्ति (परियोजनाको निर्माण कार्यको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तिको लागि चाहिने सरकारी वा गैर सरकारी जग्गाको कुल क्षेत्रफल जग्गा धनीहरुको लगत),

(ङ) वातावरणिय प्रभाव विश्लेषण (परियोजनाले वातावरणमा पार्ने उल्लेखनीय प्रतिकुल प्रभावलाई न्युनतम गर्न अपनाउने उपायहरु तथा जलश्रोतमा रहने जलचर एवं जल वातावरण संरक्षणको लागि अपनाउने उपायहरु परियोजनाले सम्वन्धित क्षेत्रमा पार्न सक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानिय श्रम तथा स्रोत र साधनको उपयोग, परियोजना सम्वन्धि कार्य पुरा भएपछि त्यस कार्य क्षेत्रका व्यक्तिहरुले पाउने लाभ, निर्माण तथा संचालन सम्भार सम्वन्धमा स्थानिय जनतालाई दिईने तालिम निर्माण शिविरको लागि आवश्यक पर्ने सुविधाहरु सुरक्षात्मक व्यवस्थाहरु तथा परियोजनाहरु संचालनबाट सम्वन्धित जग्गाधनिहरुलाई पर्न सक्ने असर विस्थापित जनसंख्याको लगत तिनीहरुको पुर्नवासको लागि अपनाउने आवश्यक व्यवस्था समेत स्पष्ट रुपमा खुलाउनुपर्छ) ।

(च) अन्य आवश्यक कुराहरु ।

**१७. दोहोरो सर्वेक्षण अनुमती पत्र नदिने :**

दफा १५ बमोजिम अनुमती प्राप्त व्यक्ति वा संस्थाले तोकिएको मिति भित्र दफा १६ बमोजिमको प्रतिवेदन पेश नगरेमा अनुमती पत्र रद्द गरि पुनः सर्वेक्षण अनुमती दिईनेछैन ।

**१८. प्रतिवेदन उपर जाँचवुझ :**

(१) दफा १६ बमोजिम प्रतिवेदन प्राप्त भएपछि कार्यविधी बमोजिम दरखास्तसाथ पेश गर्नुपर्ने आवश्यक कागजात विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्वन्धमा गाउँ जलश्रोत समितिले आवश्यक जाँचवुझ गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचवुझ गर्दा प्रतिवेदनसाथ पेश गर्नु पर्ने कुनै कागजात विवरण वा प्रतिवेदन पेश गर्न गाउँ जलश्रोत समितीले सम्वन्धित प्रतिवेदन मुनासिव माफिकको म्याद तोकिं तीस दिन भित्र सो कुराको सुचना दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै कागजात विवरण वा प्रतिवेदन पेश गाउँ जलश्रोत समितिले म्याद तोकी सुचना सुचना दिएमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मितिलाई नै उपदफा (२) प्रयोजनको लागि तोकिएको मिति मानिनेछ ।

**१९. सार्वजनिक सुचना प्रकाशित गर्नुपर्ने :**

(१) कार्यविधि बमोजिम उपभोक्ता समिति दर्ता तथा जलश्रोतको उपयोगको अनुमति पत्रको लागि दरखास्त परेपछि गाउँ जलश्रोत समितिले आवश्यक जाँचवुझ गरी तत् सम्वन्धि विवरण खुलाई सार्वजनिक जानकारीको लागि तोकिएबमोजिम सुचना प्रकाशित गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुचना प्रकाशित भएपछि जलश्रोतको उपयोगसँग सम्वन्धित परियोजनाको निर्माण

तथा संचालन गर्दा कुनै उल्लेखनिय प्रतिकुल असर पर्ने भएमा ततसम्वन्धि विवरणहरु खुलाई सुचना प्रकाशित भएको मितिले पैतिस दिन भित्र सम्वन्धित गाउँ जलश्रोत समिति वा सम्बन्धित वडा कार्यालय समक्ष जो सुकैले पनि आफ्नो राय, सल्लाह, सुझाव लिखित वा मौखिक रुपमा दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त हुन आएको प्रतिक्रिया समेतलाई विचार गरी गाउँ जलश्रोत समितिले त्यस्तो उल्लेखनिय प्रतिकुल असर न्यूनतम गर्ने सम्वन्धमा सम्वन्धित दरखास्तवालाले पालाना गर्नुपर्ने कुराहरु अनुमति पत्रमा दिंदा तोकि दिनेछ ।

**२०. अनुमति पत्र दिने :** दरखास्त उपर कार्यविधिमा तोकिएका मापदण्ड पुरा गरि अनुसुचि ५ बमोजिम दरखास्त माग भएमा गाउँ जलश्रोत समितिले आवश्यक जाँचबुझ गरि मनासिब ठहरेमा  दरखास्तवालाको माग बमोजिम वा आवश्यक भए संशोधन समेत गरी अनुसुची ६ बमोजिम ढाँचामा दरखास्तवालाई जलश्रोत उपयोग सम्वन्धि अनुमति पत्र दिनु पर्नेछ ।

**२१. सर्वेक्षणको अनुमतिपत्र प्राप्त व्याक्तिलाई परियोजना संचालन गर्न अनुमतिपत्र प्रदान गरिने :**

(१) कार्यविधि बमोजिम अनुमति प्राप्त व्यक्ति/संस्थाले आफुले गरेको सर्वेक्षण बमोजिम जलश्रोत उपयोग सम्वन्धि कार्य गर्न चाहेमा सर्वेक्षण कार्य पुरा गर्नुपर्ने म्याद भित्रै आवश्यक विवरणहरु खुलाई दरखास्त दिएमा यस कार्यविधिको अन्य व्यवस्थाहरुको अधीनमा रही दरखास्तवालालाई प्राथमिकतासाथ जलश्रोत उपयोगको अनुमति पत्र दिनसकिनेछ ।

**२२. जलश्रोत माथि अधिकार कायम हुने** : यस कार्यविधि बमोजिम जलश्रोतको उपयोग सम्वन्धि कार्य संचालन गर्न अनुमति प्राप्त व्याक्तिलाई अनुमति पत्रमा उल्लेख भए वमोजिम कामको लागि सोही अनुमति पत्रमा तोकिएको स्थान र क्षेत्रसम्म जलश्रोतको उपयोग गर्ने अधिकार प्राप्त हुनेछ ।

**२३. कार्य शुरु गर्नुपर्ने अवधि :** (१) अनुमति प्राप्त व्यक्ति वा संस्थाले अनुमति पत्रमा उल्लेखित कार्य अनुमति पत्र प्राप्त गरेको मिति सर्वेक्षको हकमा तीन महिनाभित्र र जलश्रोतको उपयोग सम्वन्धि कार्य संचालनको हकमा एक वर्षभित्र भौतिक रुपमा कार्य शूरु गरी सोको जानकारी गाउँ जलश्रोत समितिलाई दिनुपर्नेछ । तर म्याद भित्र कार्यशुरु  गर्न नसकको कारण खोली अनुमति पत्र प्राप्त संस्था वा व्यक्तिले निवेदन दिएमा गाउँ जलश्रोत समितिले त्यस्तो कारण उचित र यथेष्ट देखेमा म्याद थप गर्न सक्नेछ ।

(२) उपदफा (१) कमोजिम कार्य शुरु भएपछि पत्येक ३ महिनामा भएको कामको प्रगति विवरण अनुमति पत्र प्राप्त व्यक्ति सर्वेक्षण वा निर्माण कार्य सम्पन्न नभएसम्म गाउँ जलश्रोत समिति समक्ष पठाउनुपर्नेछ ।

**२४. नयाँ अनुमतिपत्र लिनुपर्ने :**

(१) कार्यविधि प्रारम्भ हुनु अगावै देखि जलश्रोतको उपयोग गरिरहेको व्यक्ति वा संगठित संस्थाले पनि दफामा उल्लेखित विवरणहरु खुलाई कार्यविधि प्रारम्भ भएको मितिले एक वर्ष भित्र गाउँ जलश्रोत समिति समक्ष जलश्रोत उपयोगको अनुमतिपत्रको लागि दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा(१)बमोजिम पर्न आएको दरखास्त उपर गाउँ जलश्रोत समितिले आवश्यक जाँचवुझ गरी दरखास्तवालालाई अनुसुची ६ बमोजिमको ढाँचामा अनुमति पत्र दिनेछ ।

**२५. अनुमतिपत्र दस्तुर** : यो कार्यविधि बमोजिमको जलश्रोतको उपयोग सम्वन्धि कार्यसंचालन गर्न अनुमतिपत्रको लागि दरखास्त दिंदा अनुसुची ७ तोकिए बमोजिम अनुमतिपत्र दरखास्त बुझाउनु पर्नेछ ।

**२६. अनुमति नविकरण गर्ने** :

(१) प्रत्येक अनुमतिपत्र नविकरण गराउँदा अनुसूची ७ मा तोकिएको दस्तुरको पचास प्रतिशत नवीकरण दस्तुर लाग्नेछ ।

**२७. अनुमति पत्र विक्रि वा हस्तान्तरण गर्न  स्वीकृति लिनुपर्ने :**

(१) अनुमतीपत्र प्राप्त व्याक्ति वा संस्थाले आफ्नो अनुमतिपत्र विक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई

हस्तान्तरण गर्नु परेमा सम्वन्धित गाउँ जलश्रोत समिति समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर गाउँ जलश्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको नाउँमा रहेको अनुमति पत्र अन्य व्यक्ति वा संगठित संस्थाको नाउँमा बिक्रि गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ ।

**२८. जलविद्युतको लागि जलश्रोतको उपयोग :**

(१) दफा ११ मा जुनसुकै कुरा लेखिएको भएतापनि जलविद्युत उत्पादनको गर्नको लागि जलश्रोतको सर्वेक्षण तथा उपयोग गर्ने सम्वन्धमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) जलविद्युत उत्पादन गर्ने शिलशिलामा जलश्रोतको उपयोग सम्वन्धि अन्य व्यवस्था यस कार्यविधि बमोजिम हुनेछन ।

**२९. गाउँपालिकाले जलश्रोतको उपयोग वा विकास गर्न सक्ने :**

(१) गाउँपालिका आफैले कुनै जलश्रोतको उपयोग वा विकास गर्नुपरेमा यस कार्यविधिको व्यवस्थाले बाधा पुऱ्याएको मानिनेछैन ।

(२) कसैले यस कार्यविधि बमोजिम उपयोग गरेको जलश्रोत र सो सँग सम्वन्धित जग्गा, भवन, उपकरण तथा संरचना सार्वजनिक उपयोगका लागि नेपाल सरकार/प्रदेश सरकार/गाउँपालिकाले आफुले लिई विकास गर्न सक्नेछ ।

(३) उपदफा(२)बमोजिम आफुले लिएको जलश्रोतको उपयोगसँग सम्वन्धित जग्गाभवन वा संरचना वापत नेपाल सरकार/प्रदेश सरकार/गाउँपालिकाले सम्वन्धित व्यक्तिवा संस्थालाई तोकिए वमोजिम क्षतिपुर्ति दिनेछ ।

(४) उपदफा (३) बमोजिम दिईने क्षतिपुर्तिको रकम उपदफा (२) बमोजिम नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिकाले लिएको जग्गा भवन उपकरण तथा संरचनाको वर्तमान मुल्य त्यसमा भएको टुटफुट र साधारण प्रयोगबाट भएको ह्रास कट्टीको आधारमा निर्धारण गरिनेछ ।

## परिच्छेद ५

**३०. गाउँ जलश्रोत समितिको गठन :**

(१) गाउँ भित्र रहेका जलश्रोतको उपयोगको लागि यस कार्यविधि बमोजिमको कार्य गर्ने प्रयोजनको लागि गाउँपालिकामा देहाय वमोजिम गाउँ जलश्रोत समिति रहनेछ

| | |
|---|---|
| (क) गाउँ पालिका अध्यक्ष | अध्यक्ष |
| (ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक | सदस्य |
| (घ) कृषि शाखा प्रमुख | सदस्य |
| (ङ) वन तथा वातावरण शाखा प्रमुख | सदस्य |
| (च) खानेपानी तथा सिंचाई शाखा प्रमुख | सदस्य |
| (छ) प्राविधिक शाखा प्रमुख | सदस्य |
| (ज) प्रमुख प्रशासकिय अधिकृत | सचिव |

नोट : समितिले आवश्यक ठानेमा कुनै विषय विज्ञलाई समेत बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

३१. **गाउँ जलश्रोत समितिको बैठक सम्वन्धि कार्यविधि :**

(१) गाउँ जलश्रोत समितिको वैठक अध्यक्षले तोकेको समय, मिति र स्थानमा बस्नेछ ।

(२) बैठकको अध्यक्षता गाउँ जलश्रोत समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनपुस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

(३) गाउँ जलश्रोत समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि

गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) गाउँ जलश्रोत समितिमा कुनै विषयमा छलफल भै मतदान हुदाँ उपस्थित सदस्य संख्याको दुई तिहाई सदस्यहरुको मतलाई गाउँ जलश्रोत समितिको निर्णय मानिनेछ ।

(५) गाउँ जलश्रोत समितिको निर्णय गाउँ जलश्रोत समितिको सचिवद्धारा प्रमाणित गरिनेछ ।

(६) गाउँ जलश्रोत समितिको बैठक सम्वन्धि अन्य कार्यविधि गाउँ जलश्रोत समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**३२. गाउँ जलश्रोत समितिको सचिवालय :**

गाउँ जलस्रोत समितिको सचिवालय प्रमुख प्रशासकिय अधिकृतको कार्यालयमा रहनेछ ।

**३३. जलश्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्ने :**

(१) दफा १० को उपदफा (१) वा (२) बमोजिम विकास भएको कुनै जलस्रोत सम्वन्धि परियोजनाको निर्माण समापन भईसकेपछि आवश्यक शर्तहरु तोकि हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण गरिउको परियोजना उपरको स्वामित्व सम्वन्धि उपभोक्ता संस्थाको हुनेछ र यस ऐनको अधिनमा रही आफुले अनुमति प्राप्त गरे सरह सो परियोजनाको संचालन सम्वन्धि उपभोक्ता संस्थाले गर्नेछ ।

**३४. जलस्रोतको उपयोगको लागि करार गर्न सक्ने :** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाले कुनै स्वदेशी वा विदेशी सङ्गठित संस्था वा व्यक्तिसित प्रचलित कानुन अधिनमा रहि करारमा गरी सोही करारमा उल्लेखित शर्तहरु बमोजिम उपयोग र सेवा विस्तार गर्न गराउन सक्नेछ ।

**३५. सेवा उपयोगका शर्तहरु तोक्न र सेवा शुल्क असुल उपर गर्न पाउने :** (१) अनुमति प्राप्त व्याक्ति आफुले विकास गरेको जलस्रोतको उपयोग सेवा अन्य कसैलाई आपसी शर्तको आधारमा उपलब्ध गराउन र त्यस्तो सेवा वापत शुल्क असुल उपर गर्न सक्नेछ ।

(२) गाउँपालिकाले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलव्ध गराए वापतको सेवा शुल्क तोकिए बमोजिम निर्धारण गरी गाउँपालिकाले वडा कार्यालय मार्फत असुल उपर गर्न सक्नेछ ।

**३६. सेवा रोक्न सक्ने :** सेवा सहयोग गरेवापत बुझाउनुपर्ने शुल्क नवुझाउने वा त्यस्तो सेवा अनाधिकार रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपयोग गर्नेको हकमा त्यस्तो सेवा जलश्रोत समितिको निर्णय बमोजिम वन्द गर्न सकिनेछ ।

**३७. अरुको जग्गामा प्रवेश गर्न सक्ने :** नेपाल सरकारले वा अनुमति प्राप्त व्याक्तिले जलस्रोतको सर्वेक्षण वा उपयोगको सिलसिलामा कसैले घरजग्गामा प्रवेश गर्नुपरेमा गाउँपालिका वा अनुमति प्राप्त व्यक्तिले खटाएको कर्मचारीले सम्वन्धित व्यक्तिलाई पुर्व सुचना दिएर मात्र त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ । त्यसरी प्रवेश गर्दा कुनै हानी नोक्सानी हुन गएमा गाउँपालिका वा अनुमति प्राप्त व्यक्तिले तोकिएबमोजिम क्षतिपुर्ति दिनेछ । तर कुनै घर जग्गामा जलस्रोतको अनाधिकृत उपयोग वा दुरुपयोग गरी रहेको शंका लागेमा मनासिव माफिकको कारण भएमा सो कुराको जाँचवुझ गर्न वा कुनै दुर्घटनाबाट बचाउन पुर्व सुचना विना पनि त्यस्तो कर्मचारीले सम्वन्धित घर जग्गामा प्रवेश गर्न सक्नेछ ।

**३८. जलस्रोतको उपयोगसित सम्वन्धित संरचनाको सुरक्षा :**

(१) जलस्रोतको उपयोगिता सित सम्वन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमति प्राप्त व्यक्ति वा संस्थाले आवश्यक सुरक्षाको प्रबन्ध गाउँपालिका सँग समन्वय गरि मिलाउनुपर्नेछ ।

**३९. जलस्रोतलाई प्रदुषित गर्न नहुने :**

(१) गाउँपालिकाले राजपत्रमा सुचना प्रकाशित गरी जलस्रोतको प्रदुषण सहन सिमा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जलस्रोतको प्‌दुषण सहन सिमा नाघ्‌ने गरी कसैलाई पनि कुनै किसिमको

फोहोरमैला, औद्योगिक निकास, विष, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोतलाई दुषित गर्नुहुदैन ।

(३)जलस्रोत प्रदुषित भए नभएको वा कुनै जलस्रोत उपयोगको सम्वन्धमा तोएिको गुणस्तर भए नभएको सम्वन्धमा जाँचबुझ गर्न गाउँपालिकाले अधिकारी तोक्नेछ ।

(३) जलस्रोत प्रदुषित भए नभएको वा कुनै जलस्रोत उपयोगको सम्वन्धमा तोएिको गुणस्तर भए नभएको सम्वन्धमा तोकिएको अधिकारलि आवश्यक अनुसार परिक्षण गर्न गराउन सक्नेछ ।

**४०. वातावरणमा उल्लेखनिय प्रतिकुल असर पार्न नहुने :** जलस्रोतको उपयोग गर्दा भूक्षय हुने, बाढी पहिरो वा यस्तै अरु कारणद्धारा वातावरणमा उल्लेखनिय प्रतिकुल असर नपर्नेगरी गर्नुपर्नेछ ।

**४१. आदेश गर्न सकिने :**

(१) अनुमति प्राप्त व्यक्तिले यो कार्यविधि विपरित कुनै काम गरेमा तोकिएको अधिकारीले अवधि तोकि त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र अनुमतिपत्र प्राप्त व्यक्तिले आवश्यक सुधार नगरेमा तोकिएको अधिकारीले त्यस्तो व्यक्तिले पाएको अनुमतिपत्र खारेज गर्न सक्नेछन ।

(३) उपदफा(२) बमोजिम अनुमति पत्र खारेज गर्नु अघि तोकिएको अधिकारीले सम्वधित अनुमति पत्र प्राप्त व्याक्तिलाई मनासिव सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

(४) उपदफा (१) को प्रयोजनको लागि सम्वन्धित गाउँ जलस्रोत समितिलाई अधिकारी तोकिएको छ ।

(५) कुनै जलस्रोत प्रदुषित भए नभएको वा कुनै जलस्रोतको उपयोगको सम्वन्धमा परिक्षण गर्ने गराउने अधिकार गाउँपालिकाले तोकिएको अधिकारलाई हुनेछ ।

(६)परिक्षणको क्रममा तोकिएको मापदण्ड पुरा नगर्ने व्यक्ति वा संस्थालाई तोकिएबमोजिम सजाय गर्ने अधिका गाउँपालिकाको जलश्रोत समितिको समिति वा समितीले तोकेको प्रतिनिधिलाई हुनेछ ।

## परिच्छेद ६
## जलश्रोतको उपयोगको विवाद सम्वन्धि जाँचवुझ

**४२. जलश्रोतको उपयोग जाँचवुझ समिति :**

(१) जलश्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद समाधानको लागि देहायका अध्यक्ष तथा सदस्यहरु भएको एक जलश्रोत उपयोग जाँचवुझ समिति रहनेछ ।

| | |
|---|---|
| (क) प्रतिनिधि वातावरण तथा विपद व्यवस्थापन समिति | अध्यक्ष |
| (ख) सम्वन्धित वडा अध्यक्ष वा निजले तोकेको सदस्य | सदस्य |
| (ग) योजना शाखा प्रमुख | सदस्य |

(२) दुई वा दुई भन्दाबढी वडाहरु विच जलश्रोतको उपयोग सम्वन्धि विवाद उत्पन्न भएमा उपदफा (१) को खण्ड (ख) बमोजिम विवादसँग सम्वन्धित प्रत्येक वडाको वडा समितिको १/१ जना प्रतिनिधि रहनेछन ।

(३) उपदफा (१) बमोजिमको जलश्रोत उपयोग जाँचवुझ समितिले जलश्रोतको उपयोगमा उत्पन्न विवाद समाधान गर्दा देहायको कार्यविधि अपनाउनेछ । :

(क) जलश्रोत उपयोगको परियोजनाबाट लाभान्वित हुने स्थानिय व्यक्तिहरु विच जलश्रोत उपयोगको प्राथमिकता निर्धारण वा जलश्रोत सम्वन्धी कुनै परियोजना संचालन गरेमा स्थानिय व्यक्तिलाई पर्न जाने मर्काको सम्वन्धमा विवाद उठेमा सम्वन्धित सवै अनुमति पत्र प्राप्त व्यक्ति, संगठित संस्था तथा स्थानिय व्यक्तिहरुलाई छुट्टाछुट्टै वा सामुहिक रुपमा आफ्नो दावि पुष्टाई हुने तथ्यहरु उल्लेख गरी जानकारी पेश गर्न मनासिव माफिकको म्याद तोकिनेछ ।

(ख) खण्ड (क) बमोजिम तोकिउको म्यादभित्र लिखित जानकारी प्राप्त भएपछि परियोजना स्थल समेतको

स्थलगत अध्ययन गरी मुख्यतया : देहायका विषयमा जानकारी लिनुपर्नेछ ।

(अ) परियोजनाको कुल खर्च,

(आ) परियोजनामा हुने फाइदाको स्तर,

(इ) आयोजना संचालन गर्दा सम्वन्धित जलश्रोतबाट उपयोग गरिहेका व्यक्ति वा समुहलाई पर्न सक्ने असर,

(ई) परियोजनाबाट लाभान्दित हुने उपभोक्ता संख्या

(उ) परियोजना संचालन गर्दा वातावरणमा पर्ने प्रभाव

ऊ ) स्थानीय जनताको आवस्यकता

ए) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको प्रतिक्रिया

ऐ) अन्य आवश्यक कुराहरु

ग) खण्ड ख मा उल्लेख भएक बिषयहरुमा जानकारी प्राप्त गरेपछि सोको आधारमा जलस्रोतको लाभदायिक उपयोग भएनभएको र सो जलस्रोत उपयोग गर्न पाउने कुराको निर्धारण गरिनेछ |

घ) उपदफा ३को खण्ड ग बमोजिम जलस्रोतको उपयोग सम्बन्धि कुराको निर्धारण गर्दा जलस्रोतको उपयोग जाँचबुझ समितिले कुनै जलस्रोतको उपयोग गर्ने शर्तहरु समेत तोक्न सक्नेछ |

**परिच्छेद ७**

**सेवा शुल्क**

**४३) बार्षिक शुल्क :** अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग गरि अन्य ब्यतिहरुलाई व्यापारिक प्रयोजन्मको लागि सेवा उपलब्ध गराएबापत गाउँ पालिकालाइ बुझाउनु पर्ने बार्षिक शुल्क अनुसुचि ९ मा तोकिएबमोजिम हुनेछ |

**४४) सेवा शुल्क निर्धारण समिति :** १) गाउँ पालिकाले गरेको जलस्रोतको उपयोगको सेवा शुल्क निर्धारण गर्न निर्धारित समयभित्र सेवा शुल्क नबुझाउने उपभोक्ताले तिर्नु पर्ने अतिरिक्त सेवा शुल्कको दर समेत निर्धारण गर्न देहायका अध्यक्ष तथा सदस्यहरु भएको एक सेवा शुल्क निर्धारण समिति रहनेछ |

क) गाउँ पालिकाले तोकेको व्यक्ति —अध्यक्ष

ख) उपभोक्ता मध्येबाट गाउँ पालिकाले तोकेको व्यक्ति —सदस्य

ग) गाउँ पालिकाले तोकेको व्यक्ति- सदस्य सचिब

२) सेवा शुक निर्धारण समितिको बैठक सम्बन्धि कार्यविधि उक्त समिति आफैले गर्न सक्नेछ |

३) उपदफा १ बमोजिम सेवा शुल्क निर्धारण समितिले सेवा शुल्क निर्धारण गर्दा ह्रास कट्टी दर ,उपर्युक्त लाभ ,संरचनाको तरिका ,उपभोक्ता मूल्यसूचिको परिवर्तन जस्ता कुराहरुको आधारमा सेवा शुल्क निर्धारण गर्नेछ |

**४५.सेवा शुल्क बुझाउनु पर्ने :**

जलस्रोत उपयोगबाट उपलब्ध सेवा उपभोग गर्ने उपभोक्ताले सेवा उपयोग गरेबापत निर्धारित सेवा शुल्क बुझाउनु निजहरुको दायित्व हुनेछ |

**परिच्छेद -८**

**४६. निवेदन दिनुपर्ने :**

यस कार्यविधि बमोजिम जलस्रोत उपयोगका लागि अरु कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमति पत्र प्राप्त व्यक्तिले गाउँ पालिका समक्ष अनुसुचि १० बमोजिमको ढाचामा निवेदन दिनु पर्नेछ |

**४७. परियोजना स्थल वरिपरिको जग्गा प्रयोग गर्न निषेध गर्न सक्ने छ :**

१) गाउँ पालिकाले जलस्रोतको उपयोग सम्बन्धि परियोजनाको किसिम,बनोट, क्षमता आदि कुराहरुलाई ध्यानमा राखी त्यस्तो परियोजना भित्रको घर जग्गा कुनै खास कामका लागि अरु कसैले प्रगोग गर्न नपाउने गरि निश्चित दुरी तोकी निशेध गर्न सक्नेछ ।

२) उपदफा १ बमोजिमको निषेध गरिएको कुराको सुचना गाउँ पालिकाले सर्बसाधारणको जानकारीकोको लागि प्रकाशित गरि सम्बन्धित परियोजना क्षेत्रको मुख्य मुख्य ठाउँ, परियोजना कार्यालय ,सम्बन्धित वडा वा गाउँ पालिका लगायत सम्बन्धित अन्य कार्यालयमा समेत टास्न लगाउनु पर्नेछ ।

**४८. क्षतिपुर्ति दिइने :**

१) घर जग्गा प्रयोग निषेध गरिएको कारणबाट सम्बन्धित व्यक्तिलाई भएको हानिनोक्सानी बापत दिइने क्षतिपुर्तिको रकम नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

२) घरजग्गाको प्रयोगमा थप बन्देज लगाउनु पर्ने अवस्था परेमा बाहेक उपदफा १) बमोजिम दिइने क्षतिपुर्तिको रकम सम्बन्धित व्यक्तिलाई एकै पटक मात्र दिइने छ ।

**परिच्छेद -९**

<u>बिबिध</u>

**४९) सहयोग पुर्याउनु पर्ने :**

१) आफ्नो कार्य सम्पादनको शिलशिलामा गाउँ जलस्रोत समितिले जलस्रोतसंग सम्बन्धित निकायबाट आवश्यकता अनुसार जलस्रोत सम्बन्धित तथ्यांकहरु माग गर्न सक्ने छ र माग भएबमोजिमको तथ्यांकहरु उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तब्य हुनेछ ।

**५०) दुर्घटना को सूचना :**

१) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग सम्बन्धि कुनै काम गर्दा कुनै प्रकारले दुर्घटना वा नोक्सानी भएमा गाउँ जलस्रोत समितिलाई तुरुन्त सूचना दिनुपर्नेछ ।

२) उपदफा १) बमोजिमको सूचना प्राप्त भएपछि त्यस्तो दुर्घटनाको कारण पत्ता लगाउन गाउँ जलस्रोत समितिले आवश्यक निरिक्षण गर्न गराउन सक्नेछ र प्राबिधिक दृष्टिकोण बाट त्यस्तो दुर्घटना नदोहोरिन अपनाउनु पर्ने सुरक्षात्मक व्यवस्था गर्न अनुमति पत्र प्राप्त व्यक्तिलाई आदेश दिन सक्नेछ र यस्तो आदेश पालना गर्नु सबन्धित अनुमतिपत्र प्राप्त  व्यक्तिको कर्तब्य हुनेछ ।

**५१) गाउँ पालिकाले निर्देशन दिन सक्ने :**

१) गाउँ पालिकाले जलस्रोत को उपयोग सम्बन्धमा गाउँ जलस्रोत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । यस निर्देशनको पालना गर्नु गाउँ जलस्रोत समितिको कर्तब्य हुनेछ ।

**५२) दण्ड सजाय :**

१) कसैले यो कार्यविधि वा यस अन्तर्गतका अन्य दफा उल्लंघन गरेमा निजलाई तोकिएको अधिकारीले पाचँ हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ र यस्तो कसुरबाट कसैको हानी नोक्सानी भएको रहेछ भने निज बाट यस्तो हानिनोक्सानी वापतको क्षतिपुर्ति समेत भराई दिन सक्ने छ ।

२) कसैले यस कार्यविधि बमोजिम अनुमतिपत्र लिनु पर्नेमा सो नलिई वा अनुमतिपत्रमा उल्लेख भएका सर्तहरु पालना नगरी  जलस्रोतको उपयोग गरेमा निजलाई तोकिएको अधिकारीले पाचँ हजार रुपैंया सम्म जरिवाना गर्न र

त्यसो काम बन्द गराउन सक्नेछ ।

३)यस कार्यविधि बमोजिम बिकाश गरिएको जलस्रोत वा त्यस्तो जलस्रोतबाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरुपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा तोकिएको अधिकारीले निज बाट बिगो असुल गरि निजलाई बिगो बमोजिमको जरिवाना समेत गर्न सक्नेछ ।

४) कसैले बदनियतका साथ पिउने खानेपानीको मुहान ,बाँध ,नहर वा जलस्रोतको उपयोगसंग सम्बन्धित कुनै संरचना वा त्यस्ता संरचनामा असर पर्ने कुनै संरचना भत्काएमा, बिगारेमा वा कुनै किसिमले हानि नोक्सानी पुर्याएमा वा त्यस्तो कुनै काम कुराको लागि दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजबाट हानि नोक्सानीको बिगो असुल गरि निजलाई बिगो बमोजिमको जरिवाना वा १० वर्ष सम्म कैद वा दुबै सजायका लागि सबन्धित निकायमा गाउँपालिकाले लेखि पठाउनेछ ।

**५३) पुनरावेदन :**

दफा ५२ बमोजिम तोकिएको अधिकारीले दिएको सजायको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिन भित्र सम्बन्धित अदालतमा पुनारवेदन दिन सक्ने छ ।

**५४) अनुसूची हेरफेर वा थपघट गर्न सक्ने :**

गाउँ पालिकाको राजपत्रमा सूचना प्रकाशित गरि यस कार्यविधिको अनुसूचिमा आवस्यकता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ ।

**५५) अरुको घर जग्गाको उपयोग तथा प्राप्ति :**

१)जलस्रोतको उपयोगका लागि देहायको कुनै काम गर्न अरु कसैको घरजग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमति प्राप्त व्यक्तिले गाउँ जलश्रोत समिति समक्ष तोकिएबमोजिम निवेदन दिन सक्ने छ ।

क) बाँध वा तटबन्ध बाधन ,

ख) नहर, कुलो सुरुङ खन्न ,

ग) जमिन माथि वा जमिनमुनि पानीको ट्यांकी बनाउन वा पाईप लाईन बिछ्याउन ,

घ) पोखरी बनाउन ,जल वितरण केन्द्र स्थापना गर्न ,

ङ) जलस्रोतको बिकाससंग सम्बन्धित अरु आवश्यक निर्माण कार्य गर्न ,

२) उपदफा १ बमोजिम निवेदन प्राप्त भएमा गाउँ जलश्रोत समितिले ततःसम्बन्धमा आवश्यक जाँचबुझ गरि प्रचलित कानुन बमोजिम संगठित संस्थालाई जग्गा प्राप्त गराई दिए सरह अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो घर जग्गा प्राप्त गराई दिन सक्नेछ ।

३) गाउँ पालिकाले वा अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको बिकाश वा उपयोग सम्बन्धि कुनै निर्माण कार्य गरेमा त्यस्तो निर्माण कार्य भएको ठाउँ वा सो ठाउँको वरिपरी तोकिएको दुरिमा पर्ने घर जग्गाहरु अरु कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न नपाउने गरि गाउँ पालिकाले निषेध गर्न सक्नेछ ।त्यसरी निशेध गरिएको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्ने हानी नोक्सानी बापत गाउँ पालिका वा अनुमति प्राप्त ब्यक्तिले तोकिए बमोजिमको क्षतिपुर्ति दिनु पर्नेछ ।

अनुसुचि १
( दफा ५ संग सम्बन्धित )
निवेदन पत्रको ढाँचा

श्री अध्यक्ष ज्यू,
..................................जलस्रोत समिति
...................................
महोदय,
हामीले ................................................ उपभोक्ता समिति गठन गरि दर्ता गराउन चाहेकोले कालिका गाउँ पालिका जलस्रोत व्यवस्थापन कार्यविधि ०७७ को दफा ५ बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको बिवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति बिधान र.....................रुपैंया दस्तुर सहित दरखास्त दिएका छौं ।

<u>बिवरण</u>

१. उपभोक्ता समितिको नाम :
२. कार्यक्षेत्र :
३. उद्देश्य
   क)
   ख)
   ग)

४. सदस्यहरुको नाम ठेगाना पेशा
क)
ख)
ग)
घ)
५. उपयोग गरिने जलस्रोत विवरण :
क)जलस्रोतको नाम भएको ठाउँ :
ख) जलस्रोतबाट गरिने प्रयोग :
ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाण :
घ)उक्त जलस्रोतको हाल भैरहेको उपयोग
६. उपभोक्ता संस्थाले पुर्याउन चाहेको सेवा सम्बन्धि बिवरण
क) सेवाको किसिम
ख) सेवा पुर्याउने क्षेत्र :
ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या :
घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना :
७. आर्थिक स्रोतको विवरण :
८. कार्यालयको ठेगाना :

निवेदक ,
उपभोक्ता संस्थाको तर्फबाट दस्तखत दिनेको
सहि :
नाम :
पद :
ठेगाना :
मिति :

अनुसूची -२
( दफा ८ को उपदफा १ संग सम्बन्धित )
उपभोक्ता संस्था दर्ता प्रमाणपत्र

दर्ता मिति : दर्ता नम्बर :
श्री ....................................................................
..........................................................................( सम्बन्धित उपभोक्ता संस्थाकोक नाम )

..............................कालिका गाउँ पालिका जलस्रोत व्यवस्थापन कार्यविधि ,२०७७ को दफा ८ को उपदफा १ बमोजिम ..........साल ...........महिना ...............गतेमा यस कार्यालयमा दर्ता गरि यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ , कालिका गाउँ पालिका जलस्रोत व्यवस्थापन कार्यविधि ,२०७७ बमोजिम आफ्नो कार्य संचालन गर्नुहोला |

सहि :
नाम,थर :
पद :

अनुसूची -३
( दफा१३ को उपदफा १ संग सम्बन्धित )
जलस्रोत उपयोगको सर्वेक्षण अनुमति पत्रको लागि दरखास्त

मिति :

श्री अध्यक्ष ज्यु ,
कालिका गाउँपालिका
गाउँ जलस्रोत समिति
धैबुङ, रसुवा ।

जलस्रोत उपयोगका निमित्त सर्वेक्षण गर्नको लागि अनुमति पत्र पाउन कालिका गाउँ पालिका जलस्रोत व्यवस्थापन कार्यविधि ,२०७७ को दफा १३ बमोजिम देहायको विवरण खुलाई यो दरखास्त पेश गरेको छु |

१.व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना :
२. उद्देश्य :
३. सर्वेक्षण गर्ने क्षेत्र :
४. सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रु. :
(पुष्ट्याइ विवरण संलग्न गर्नुपर्नेछ )
५.सर्वेक्षण गर्ने अवधि :
६. अन्य बिवरणहरु : (कालिका गाउँ पालिका जलस्रोत व्यवस्थापन कार्यविधि ,२०७७) दफा १३ ले तोकेका बिवरणहरु ।

माथि उल्लेखित ब्यहोरा ठिक वा साँचो छ झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउला |

संगठित संस्था भए सो संस्थाको छाप
संस्थाको

सम्बन्धित व्यक्ति वा संगठित तर्फ बाट दरखास्त दिनेको
नाम थर :
सहि
पद :
ठेगाना :

अनुसुचि ४
( दफा १५ संग सम्बन्धित )
जलस्रोत उपयोगको सर्वेक्षण अनुमति पत्र

अनुमति पत्र संख्या :
मिति : ..................................................
श्री .......................................................
महाशय ,

तपाईलाई जलस्रोतको उपयोगको सर्वेक्षण गर्न पाउने गरि देहायको बिवरण खोलि कालिका गाउँ पालिका जलस्रोत व्यवस्थापन कार्यविधि ,२०७७ को दफा १५ बमोजिमको यो अनुमतिपत्र प्रदान गरिएको छ |

१. व्यक्ति वा संगठित संस्थाको पुरा ठेगाना :
२. जलस्रोत सर्वेक्षणको उद्देश्य

३. जलस्रोत सर्वेक्षणको क्षेत्र
४. सर्वेक्षण गर्ने अवधि
५. अनुमति पत्र बहाल रहने अवधि

अनुमति पत्र दिने अधिकारीको
नाम :
सहि :
पद :

अनुसुचि -५
( दफा २० संग सम्बन्धित )
जलस्रोत उपयोगको उपयोग अनुमति पत्रको लागि दरखास्त

मिति :..................................................

श्री अध्यक्ष ज्यू,
कालिका गाउँपालिका
गाउँ जलस्रोत समिति
धैबुङ, रसुवा ।

जलस्रोत उपयोगको निमित्त अनुमति पाउन कालिका गाउँ पालिका जलस्रोत व्यवस्थापन कार्यविधि ,२०७७ को दफा २० बमोजिम देहायका बिवरणहरु समेत खुलाई यो दरखास्त पेश गरेको छु |

१. व्यक्ति वा संगठनिक संस्थाको नाम र ठेगाना :
२. उद्देश्य :
३. उपयोग गर्न खोजेको जलस्रोतको परिणाम र उपयोग गर्ने प्रयोजन :
४. प्रस्तावित जलस्रोत उपयोग गर्ने ठाउँ
५. जलस्रोतको उपयोगबाट लाभ पुग्ने ठाउँको क्षेत्रफल :
६. प्रस्तावित सेवाबाट लाभान्वित हुन सक्ने उपभोक्ता संख्या :
७. जलस्रोत उपयोगका लागि लाग्ने अनुमानित रकम र सोको स्रोत :
८. प्रस्तावित उपभोगबाट हुन सक्ने सम्भावित लाभ :
९. जलस्रोत उपयोग गर्ने तरिका :जलस्रोतको हाल भएको उपयोग र भविष्यमा हुन सक्ने उपयोग:
१०. अन्य बिवरण

माथि उल्लेखित व्यहोरा ठिक साँचो छ झुट्टा ठहरे कानुन बमोजिम संहुला बुझाउला |

संगठित संस्था भए सो संस्थाको छाप

सम्बन्धित व्यक्ति वा संगठित तर्फबाट दरखास्त दिनेको
नाम थर :
सहि :
पद :
ठेगाना :

अनुसुचि -६
(दफा २० संग सम्बन्धित )
जलस्रोत उपयोग अनुमतिपत्र

मिति :

श्री ...............................................
..................................................
महाशय ,
तपाईँलाई जलस्रोतको उपयोग गर्न पाउने गरि देहायको विवरण खोली कालिका गाउँ पालिका जलस्रोत व्यवस्थापन

कार्यविधि ,२०७७ को दफा २० बमोजिमको यो अनुमतिपत्र प्रदान गरिएको छ|

१. व्यक्ति वा संगठनिक संस्थाको नाम र ठेगाना :
२. जलस्रोत उपयोगको उद्देश्य :
३. जलस्रोतको नाम, किसिम, र रहेको स्थान :
४. उपयोग गर्न पाउने जलस्रोतको परिणाम :
५. जलस्रोत उपयोगको क्षेत्र :
६. जलस्रोत उपयोग गर्ने तरिका :
७. प्रस्तावित परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या :
८. अनुमतिपत्र बहाल रहने अवधी :

अनुमतिपत्र दिनेको अधिकारीको
नाम :
सहि :
पद :

अनुसुचि -७
( दफा २५ संग सम्बन्धित )
अनुमति पत्र दस्तुर

| जलस्रोत उपयोगको किसिम | दस्तुर |
|---|---|
| क) खानेपानी र घरेलु उपयोग | रु. १०० |
| ख) सिंचाई | रु. २०० |
| ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग | रु. १०० |
| घ) घरेलु उद्द्योग ,औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग | रु. २०० |
| ङ) जल यातायात | रु. ५०० |
| च) आमोद प्रमोद्जन्य उपयोग | रु .५०० |
| छ) अन्य उपयोग | रु. ५०० |

अनुसुचि -८
( दफा ४३ संग सम्बन्धित )
जलस्रोत उपयोग वापत बुझाउनु पर्ने बार्षिक शुल्क

१. सिंचाइको हकमा :
   क) पाँच रोपनी सम्मको जमिन सिंचाई गर्न. ५०
   ख) पाँच रोपनी देखि १० रोपनी सम्मको जमिन सिंचाई गर्न रु. १००
   ग) दश रोपनी देखि २५ रोपनी सम्मको जमिन सिंचाई गर्न रु. १७५
   घ) २५ रोपनी भन्दा माथि प्रति रोपनी रु १० का दरले अधिकतम रु ५००
२. खानेपानीको हकमा :
   क) दुई हजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु. ५००
   ख) दुई हजार देखि पाचँ हजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु. २०००
   ग) पाचँ हजार देखि दश हजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु. ५०००
   घ) दश हजार देखि पन्ध्र हजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु. १००००
   ङ) पन्ध्र हजार देखि बिस हजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु. १५०००
   च) बिष हजार देखि पच्चीसहजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु. २००००
   छ) पच्चीस हजार भन्दा माथिको जनसख्यालाई खानेपानी व्यवस्था गर्न रु. २५०००
३. कृषिजन्य उपयोगका लागि रु. ५०० देखि रु २०००० सम्म पानि प्रयोगको परिणाम को आधारमा
४. घरेलु उद्द्योग्को लागी रु. ७०० देखि बिस हजार सम्म पानि प्रयोगको परिणामको आधारमा

५. औद्योगिक व्यवसाय तथा खानी जन्य उपयोगका लागि रु ५००० देखि पचास हजार सम्म पानी प्रयोगको परिणाम को आधारमा

६. आमोद प्रमोद्जन्य प्रयोगका लागि रु. १००० देखि दश हजार सम्मको पानि प्रयोगको परिणामको आधारमा

७. अन्य प्रयोगका लागि रु. १००० देखि दश हजार सम्म बार्षिक कारोबारका आधारमा |

अनुसुचि -९

(दफा ५५ संग सम्बन्धित )

जग्गा उपभोग वा प्राप्तिका लागि दरखास्त

मिति .......................

श्री कालिका गाउँपालिका
गाउँ जलस्रोत समिति
धैबुङ, रसुवा |

महोदय ,

जलस्रोत उपयोगको शिलशिलामा.......................... निर्माण कार्य शुरु गर्नको लागि तपशिलमा उल्लेखित घरजग्गा उपयोग गर्नु पर्ने वा प्राप्त गर्नु पर्ने भएकोले नियमानुसार उपयोग गर्न पाउने गरि वा प्राप्त गराई पाउन यो दरखास्त पेश गरेको छु |

तपशिल

संगठित संस्था भए सो संस्थाको छाप

सम्बन्धित व्यक्ति वा संगठित तर्फबाट दरखास्त दिनेको

संस्थाको

नाम,थर :
सहि :
पद :
ठेगाना :

**प्रमाणीकरण मितिः** २०७७/०९/१० **स्वीकृत मितिः** २०७७/०९/०७

**आज्ञाले,**

प्रकाश अधिकारी

प्रमुख प्रशासकीय अधिकृत